# बालसंरक्षण कार्ययोजना २०७६

यस नगरपालिकाले अवलम्बन गरेका बालसंरक्षण नीति २०७६लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि निम्न कार्ययोजना तयार गरी लागू गरेको छ। ।

नीति १ : शतप्रतिशत बालबालिकाको जन्मदर्ता भएको सुनिश्चित गर्ने ।

१.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि (कहिले सम्म गर्ने) | श्रोत ( आर्थिक तथा मानवीय) |
|---|---|---|---|---|
| १.जन्मदर्तालाई ३५ दिने भित्र निशुल्क र अनिवार्य गर्ने व्यवस्था गर्ने, | १. जन्मदर्ताका सम्बन्धमा सचेतना, जागरण, घरदैलो कार्यक्रम आयोजना गर्ने ।<br>२. जन्मदर्ताका फाइदाहरु बारे अभिभावकलाई बताउने ।<br>३. जन्मदर्ताका निमित्त घुम्ती सेवा सञ्चालन गर्ने ।<br>४. खोपको सूचनाका आधारमा जन्मदर्ताको अभिलेख तयार हुने व्यवस्था मिलाउने ।<br>५. जन्मदर्तालाई अनिवार्य गर्ने ।<br>६. जन्मदर्ता नभएका आमाबाबुलाई अन्य कुनै सिफारिश नदिने ।<br>७. बाल विवाह गर्ने दम्पतिका सन्तान भएमा जन्मदर्ता गरिदिने तर आमाबाबुको विवाह नगरिदिने । | | | |
| २. मोबाइल फोनको एप्लिकेशनमार्फत जन्मदर्ता गराउन प्रविधिको | १. यस सम्बन्धमा प्रदेश र संघ सरकारसँग कुरा उठाउने ।<br>२. प्रविधिको विकासकालागि विकासका साझेदारसँग कुरा उठाउने ।<br>३. प्रविधिको विकास गर्ने । | | | |

| | | | | |
|---|---|---|---|---|
| विकास गर्ने, | ४. नमुनाको रुपमा प्रविधि लागु गर्ने ।<br>५. प्रविधिको उपादयताको आधारमा सवै क्षेत्र भित्र लागु गर्ने। | | | |
| ३. जन्मदर्ताको अभिलेखलाई नमासिने गरी दुरूस्त राख्न सकेसम्म एकीकृत सूचना प्रणाली ९:क्ष्क० प्रणालिमा जन्मदर्ताको अभिलेख राख्ने व्यवस्था गर्ने | १. स्वास्थ्यसेवा खोपको अभिलेखलाई प्राप्त गरी सोका<br>५. जन्मदर्ता प्रक्रियालाई सरलीकृत तथा प्रभावकारी बनाउन बाबुआमाको विवरण (उपलब्ध भएसम्म नागरिकता लगायत), फोटो आदि उल्लेख गरी जन्मदर्ता गरिदिने व्यवस्था गर्ने,<br>३. माथि नं. १ र २ बाट प्राप्त विवरणलाई एकीकृत सूचना प्रणालीमा राख्ने ।<br>४. एक व्यक्तिको जन्मदर्ता एकपटक भन्दा बढी नगर्ने तथा जन्मदर्ताको प्रतिलिपि दिने व्यवस्थालाई सरलीकृत गर्ने । यसका निमित्त :क्ष्क को सूचनालाई विभिन्न आधारमा सर्च र फाइन्डको व्यवस्था गर्ने ।<br>५. जन्मदर्ताको अभिलेख बालबालिकालाई सेवा दिने अन्य प्रयोजनको निमित्त पनि प्रयोग गर्ने । | | | |

नीति २ : प्रत्येक बालबालिकाको उचित हेरचाह भएको सुनिश्चित गर्ने ।

२.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. आमाबाबु दुवै | १. आमाबाबु दुवै भएका | | | |

| | | | | |
|---|---|---|---|---|
| वा एकजना भएका बालबालिकाको हेरचाह परिवारमा नै सुनिश्चित गर्ने । | बालबालिकाको हेरचाह आमाबाबु दुवैसँग हुने व्यवस्था मिलाउने,<br>२. आमाबाबुको गरिबी वा सामान्य रोगव्याधीका कारण बालबालिकालाई आमाबाबुबाट छुट्टिनुपर्ने अवस्थाको अन्त्य गर्न आमाबाबुलाई आर्थिक सहयोग वा जीविकोपार्जन सहयोग प्रदान गर्ने,<br>३. आमा वा बाबुमध्ये एक मात्र जिउँदो भएका कारणले बालबालिका आमा वा बाबुको कमजोर आर्थिक अवस्थाको कारणले छुट्टिन सक्ने भएमा निजलाई आर्थिक सहयोग वा जीविकोपार्जन सहयोग प्रदान गर्ने,<br>४. पुनर्विवाह गर्दा बालबालिका परित्यक्त नहोऊन् भन्ने हेतुले बालबालिकाको पालनपोषणको व्यवस्था मिलाउन पुनर्विवाह गर्ने आमा वा बाबुलाई परामर्श गर्ने,<br>५. आमा वा बाबुको सम्बन्धविच्छेद भएको अवस्थामा बालबालिका आमा वा बाबु जोसँग बसेपनि निजको पालनपोषणको निमित्त दुवैजनाको आर्थिक र समयको योगदानलाई सुनिश्चित गर्ने, | | | |
| २. आफ्नो क्षेत्रमा अलपत्र भएको बालबालिका फेला परेमा आमाबाबुको खोजी गर्ने, | १. आफ्नो क्षेत्रमा अलपत्र भएको बालबालिका फेला परेमा निज बालबालिकालाई तुरून्त उद्दार गरी अस्थायी संरक्षणको व्यवस्था गर्ने, | | | |

| | | | | |
|---|---|---|---|---|
| नपाइएमा मात्र वैकल्पिक हेरचाहमा पठाउने व्यवस्था गर्ने । | २. बालबालिकाको तस्वीर, पहिचान खुल्नेगरी लगाएको कपडा, जुत्ता, चप्पल र हुलियासमेत स्पष्ट टिपी नजिकको प्रहरी कार्यालय वा निःशुल्क टेलिफोन नं. १०४ वा १०९८ मा प्रसारित गर्ने र बालबालिकाको परिवार पहिचान गर्ने प्रयोजनले स्थानीय सञ्चार माध्यमहरूको समेत परिचालन गर्ने,<br>३. आमाबाबुविहीन तथा बेवारिसे अवस्थामा रहेका बालबालिकाको परिवार वा आफन्तको खोजी गरी परिवारमा पठाउनका लागि समन्वय गर्ने,<br>४. प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी खोजबिन गर्दा पनि बालबालिकाको आमाबाबु वा परिवार फेला नपरेमा सो बालबालिकालाई वैकल्पिक हेरचाहको प्रक्रियामा पठाउने । | | | |
| ३. आफ्ना आमाबाबु नभएका बालबालिकालाई मात्र वैकल्पिक हेरचाहको व्यवस्था मिलाउने । | १. आमाबाबुविहीन बालबालिकाको पहिचान गर्न तथ्याङ्क सङ्कलन गर्ने र अद्यावधिक गर्ने,<br>२. बालकल्याण अधिकारीले धर्मपुत्र, धर्मपुत्री लिन इच्छुक व्यक्ति वा दम्पत्तिको सूचीकृत गरी तिनको सामाजिक अध्ययन गरी धर्मपुत्र, धर्मपुत्री राख्न योग्य भएको कुराको यकिन गर्ने । सो सम्बन्धमा संघीय तथा प्रादेशिक निकायसँग समन्वय गर्ने ।<br>३. बालकल्याण अधिकारीले बालबालिकालाई हेरचाह गर्न | | | |

| | | | | |
|---|---|---|---|---|
| | इच्छुक परिवार वा व्यक्ति ( फोस्टर केयर) को सूची तयार गरी तिनको सामाजिक अध्ययन गरी त्यसको लागि योग्य भएको कुराको यकिन गर्ने,<br>४. आफ्नो गाउँपालिकामा रहेको आवासीय बालगृहहरूको सूची बनाई तिनले आवासीय बालगृह सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०६९ अनुरूप तिनले मापदण्ड पूरा गरे नगरेको यकिन गर्न आवधिक रूपमा अनुगमन गर्ने,<br>५. आफ्ना गाउँपालिकामा आवासीय बालगृह नभएमा आफ्ना नजिक रहेको त्यस्तो सुविधाको बारेमा जानकारी लिने, समन्वय गर्ने र आवश्यक भएको बेलामा प्रेषणको व्यवस्था मिलाउने ।<br>६. आमाबाबु दुवै नभएका बालबालिकाको सकेसम्म परिवारका नातेदारसँग राखी पालनपोषण गर्ने व्यवस्था मिलाउने । नातेदारलाई आर्थिक तथा जीविकोपार्जन सहयोग दिदाँ बालबालिकाको पालनपोषण हुन्छ भने सो सहयोग प्रदान गर्ने ।<br>७. नातेदारकोमा पालनपोषण हुन नसकेमा क्रमशः धर्मसन्तानका रुपमा पठाउने, पालनपोषण गर्न योग्य व्यक्ति तथा दम्पतिलाई दिने, परिवारमा आधारित सँस्थागत हेरचाह (एसओएस | | | |

| | | | | |
|---|---|---|---|---|
| | जस्तै) र अन्त:मा आवासीय बालगृहमा राख्ने व्यवस्था मिलाउने ।<br>८. वैकल्पिक हेरचाहमा भएका बालबालिकाको आवधिक रूपमा हेरचाहको स्थितिको अनुगमन गर्ने, स्थितिका आधारमा आवश्यक सुझाव दिने, सहयोग गर्ने ।<br>९. वैकल्पिक हेरचाहमा जानुपूर्व बालबालिकाको जन्मदर्ता तथा निजको पहिचान खुल्ने कागजात बनाइदिई निजको नागरिकताको अधिकार सुनिश्चित गरिदिने व्यवस्था मिलाउने । | | | |

नीति ३ : बालश्रमको अन्त्य गर्ने ।

<u>ग) सबै बालबालिकाको निमित्त</u>

३.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि (कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई श्रमिकका रुपमा काम गर्न नदिने । | १. विद्यालय तथा शिक्षा शाखासँग समन्वय गरी विद्यालय बाहिर रहेका बालबालिकाको तथ्याङ्क लिने,<br>२. विद्यालय बाहिर भएका बालबालिकाको परिवारसँग समन्वय गरी निजलाई विद्यालयमा भर्ना गरी औपचारिक शिक्षाको निरन्तरता गराउन सहजीकरण गर्ने,<br>३. बालश्रम हुने सम्भावित निजी तथा व्यावसायिक क्षेत्रको नियमित अनुगमन गरी १४ वर्ष उमेर पूरा नगरेका बालबालिकालाई तत्काल उद्दार गरी | | | |

| | | | | |
|---|---|---|---|---|
| | पुनः बालश्रममा जान नपर्ने गरी आवश्यक सम्पूर्ण सेवामा पहुँच पुऱ्याई बालअधिकारको परिपूर्ति गर्ने तथा बालश्रममा लगाउने व्यक्तिलाई कानुनी कारवाही पठाउन समन्वय गर्ने,<br>४. बालश्रममा संलग्न हुने जोखिममा रहेका सबै बालबालिकाको स्थितिको निरन्तर अनुगमन गर्ने । | | | |
| २. १५ देखि १८ वर्षका बालबालिका लाई सकेसम्म शिक्षामा निरन्तरता गर्न लगाउने, आवश्यकता भएमा मात्र जोखिम रहितकाममा आशिंक रुपमा लगाउने व्यवस्था गर्ने । | १. १५-१८ वर्ष उमेर समूहका श्रममा संलग्न बालबालिकाको वर्गीकृत तथ्याङ्क सङ्कलन गर्ने,<br>२ श्रममा संलग्न बालबालिकाको श्रमको जोखिम तथा स्थिति आङ्कलन गर्ने र जोखिमपूर्ण श्रममा रहेका (जस्तै, ईंटा भट्टा, सवारी साधन, निर्माण कार्य, होटल) बालबालिकाको तत्काल उद्दार गरी आवश्यक सेवा उपलब्ध गराउने,<br>३. श्रममा संलग्न बालबालिकाकालागि उनीहरूको इच्छा एवं आवश्यकता समेतलाई मनन गरी औपचारिक शिक्षा, व्यावसायिक सीप वा एप्रेन्टिसशीपको प्रवन्ध मिलाउने,<br>४. स्थानीय तह भित्रका प्राविधिक तथा व्यावसायिक तालिम दिने वर्कशप, पसल आदिको नक्साङ्कन गरी तिनलाई प्राविधिक तथा व्यावसायिक शिक्षा दिलाउन सक्ने संस्था बनाउन पहल गर्ने र सोका निमित्त संस्थाहरूलाई सहयोग पनि प्रदान गर्ने । | | | |
| ३. सबै बालबालिका लाई श्रम गर्ने परिस्थितिबाट मुक्त राख्ने | १. आर्थिक कारणले विद्यालय आउन नसकेका बालबालिकालाई शिक्षा मूल्यांकनको आधारमा निरन्तर बढ्ने छात्रवृत्तिको व्यवस्था गर्ने,<br>२. श्रमको जोखिममा रहेका र आर्थिक वा पारिवारिक कारणले विद्यालय छाड्ने | | | |

| | | | | |
|---|---|---|---|---|
| । शिक्षामा निरन्तरता दिने । | बालबालिकाको सूचना लिई उनीहरू र उनीहरूको परिवारसँग निरन्तर समन्वय गर्ने ।<br>३ गैरकानुनी रूपमा श्रममा लगाइएका बालबालिकाको उद्धार, कानुनी उपचार, पारिवारिक पुनर्मिलन, शिक्षा सेवा उपलब्ध गराउनुको साथै कानुनविपरीत श्रममा लगाउने रोजगारदाताबाट क्षतिपूर्ति भराउन सहजीकरण गर्ने,<br>४. बालश्रमको प्रयोग निरूत्साहित गर्ने र बालश्रम प्रयोग भएका सेवा तथा सामग्री प्रयोग नगर्न सामाजिक अभियान चलाउने,<br>५. बालश्रमिक हुनसक्ने जोखिम भएका परिवार लक्षित चेतना अभिवृद्धिका साथै बालबालिकालाई विद्यालयमा निरन्तरता गर्ने शर्तमा आयआर्जन लगायतका सेवाहरू प्रदान गर्ने,<br>६. निश्चित आधार तथा मापदण्डको आधारमा "बालश्रम मुक्त स्टिकर" टाँस गर्ने अभियान (बालश्रममुक्त यातायात क्षेत्र, होटल, रेस्टुरेन्ट, उद्योग तथा कलकारखाना, आदि) सञ्चालन गर्ने,<br>७. बालश्रम मुक्त वडा/गाउँपालिका घोषणा गर्ने र तत्सम्बन्धमा चरणवद्ध रणनीतिक कार्यक्रम तर्जुमा गर्ने । | | | |

नीति ४ : बाल विवाहको अन्त्य गर्ने ।

४.२ कार्ययोजनाहरु

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. बालविवाह विरुद्ध चेतना जगाउने । | १. विवाह गर्नु पूर्व विवाह गर्न उमेर पुगेको सिफारिस वडाबाट लिन लगाउने र त्यस्तो सिफारिस वडाले निःशुल्क उपलब्ध गराउने,<br>२. किशोरकिशोरीहरूलाई बालविवाहसम्बन्धी कानून, बालविवाहले पार्ने शारीरिक तथा मानसिक प्रभाव, वैयक्तिक र मनोसामाजिक असरका बारेमा विद्यालय तथा समुदायस्तरमा चेतना फैलाउने,<br>३. शिक्षकवर्ग तथा आमाबाबुसँग बालविवाहका बारेमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने एवं बालविवाह रोकथामको विषयलाई विद्यालयको सह-शैक्षिक क्रियाकलापमा संलग्न गराउने,<br>४. विद्यालय वा गाउँपालिकास्तरमा समय-समयमा बालविवाहका विषयमा वादविवाद, वक्तृत्वकला तथा अन्य त्यस्तै प्रतिस्पर्धाहरूको आयोजना गर्ने,<br>५. विभिन्न धर्मका धर्मगुरूहरू, राजनैतिक दल, सामाजिक सँस्था, विभिन्न निकायका अगुवालाई लक्षित गरी बालविवाह विरूद्ध सचेतना जगाउने र बालविवाह रोकथामका निमित्त प्रहरी, धर्मगुरू वा समुदायका वयस्कहरूलाई परिचालन गर्ने,<br>६. बालविवाह रोकथामका सम्बन्धमा | | | |

| | | | | |
|---|---|---|---|---|
| | प्रत्येक सार्वजनिक स्थानमा स्थानीय भाषामा भित्तेचित्र वा पोस्टर बनाउने एवं स्थानीय सञ्चार माध्यबाट प्रचारप्रसार गराउने । | | | |
| २. बालविवाह विरुद्ध सामाजिक अभियान चलाउने, सम्बन्धित संस्था तथा व्यक्तिलाई परिचालन गर्ने । | १. बालबालिकालाई बालविवाह रोकथामका निमित्त आफ्ना समूह भित्र छलफल गर्न सहयोग गर्ने ।<br>२. बालबालिकालाई बालविवाहको परिणामका बारेमा सचेत गर्ने । उपयोगीसामग्रीहरु प्रदान गर्ने ।<br>३. बालविवाह गर्न नमानेर राम्रो काम गरी बसेका किशोरी वा महिलालाई रोल मोडेलको रूपमा परिचालन गर्ने,<br>४. १४ वर्ष उमेर पुरा गरेका किशोरकिशोरीलाई लक्षित गरी जीवन उपयोगी सीप तालिम सञ्चालन गर्ने, गराउने ।<br>५. विद्यालय उमेरका विद्यालय नजाने किशोरकिशोरीहरुलाई प्राविधिक तथा व्यवसायिक तालिम दिने । | | | |
| ३. बालविवाह अनुगमन, रोकथाम र उद्दार कार्य गर्ने । | १. बालविवाह रोक्नको लागि बाल अधिकार समितिलाई परिचालन गर्ने । आवश्यकता भए वडा एवं गाउँपालिकास्तरीय सबै सरोकारवालाको प्रतिनिधित्व हुनेगरी संयन्त्र निर्माण गर्ने ।<br>२. संयन्त्रका सदस्यलाई तिनलाई बालविवाह सम्बन्धमा रहेका कानुनी व्यवस्थाहरू (नेपालको संविधान, मुलुकी देवानी (संहिता) ऐन, २०७४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५, आदि) का बारेमा जानकारी गराउने,<br>३. बालविवाहको घटनाको सम्भावनाको आङ्कलन गर्न तथा विवाह हुन लागेको | | | |

| | | | | |
|---|---|---|---|---|
| | जानकारी दिने कामका लागि टोल-टोलमा समूहहरू (बालबालिका, युवा तथा आमा) परिचालन गर्ने ।<br>४. बालविवाह गर्न वा गराउन लागेको अवस्थामा सम्बन्धित परिवार तथा बालबालिकालाई सम्झाइबुझाइ गरी तथा आवश्यक सहयोग, सेवा उपलब्ध गराई बालविवाह नगर्ने वातावरण निर्माण गर्ने,<br>५. बालविवाहमुक्त वडा तथा गाउँपालिकाको घोषणा गर्ने । | | | |
| ४. बालविवाह गर्ने र गराउने विरुद्ध कानूनी कारबाही गर्ने । | १. बालविवाह निरन्तर गराउने आमाबाबु वा सामाजिक अगुवाहरुलाई कारवाही गर्ने ।<br>२. कारवाहीका निमित्त प्रहरी कार्यालय, सरकारी वकिल कार्यालयलाई परिचालन गराउने । | | | |

नीति ५ : बालबालिकाविरूद्ध हुने शारीरिक तथा मानसिक दण्डसजायको अन्त्य गर्ने ।

५.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. शारीरिक तथा मानसिक दण्डसजायको नकारात्मक प्रभावका वारेमा सचेतना अभिवृद्धि गर्ने । | १. घर, समुदाय, बालविकास केन्द्र, विद्यालय, आवासीय बालगृह, उपचार केन्द्र, कार्यस्थलका प्रशासकहरुलाई शारीरिक तथा मानसिक दण्डसजाय दिएमा हुनसक्ने सजाय तथा त्यसविरूद्धको कानुनबारे प्रचारप्रसार गर्ने ।<br>२. विद्यालयहरूमा बालमैत्री वातावरण बनाउन अनुशासनको नाममा दिइने सबै प्रकारका दण्डसजायको अन्त्य गर्न सबै विद्यालय तथा | | | |

| | | | | |
|---|---|---|---|---|
| | शिक्षकवर्गलाई निर्देशन दिने र त्यसको लागि सहजीकरण गर्ने ।<br>३. सार्वजनिक स्थान, विद्यालयमा दण्ड दिन नपाइने कुरा होर्डिङ बोर्ड, भित्ता लेखन गर्न लगाउने । | | | |
| २. सकारात्मक सिकाई पद्धती (सकारात्मक अभिभावकत्व, सकारात्मक वा भयरहित सिकाई) को विकास गर्ने । | १. लठ्ठी लिने, कुटपिट गर्ने, थुन्ने, थर्काउने कार्य गर्ने शिक्षक तथा प्रशासकहरु भएको विद्यालयहरुको नक्शांकन गर्ने ।<br>२. उक्त शिक्षक वा प्रशासकहरुलाई शिक्षा संयोजक वा संघसंस्थाहरु मार्फत तालिम दिलाउने ।<br>३. विद्यालय व्यवस्थापन समिति, शिक्षक, विद्यार्थी तथा अभिभावकमा जागरण तथा सहकार्य प्रवर्द्धन गर्ने र गलत कार्य गर्नेलाई सजाय गर्ने । | | | |
| ३. विद्यालयमा शारीरिक तथा मानसिक दण्ड रोकथाम गर्न गुनासो सुनवाई प्रणालीको विकास गर्ने । | १. विद्यालयमा गुनासो पेटिका राख्नका निमित्त प्रत्येक विद्यालयमा पत्राचार गर्ने ।<br>२. गुनासो सुनुवाइ संयन्त्रको स्थापना, समितिका सदस्यको क्षमता अभिवृद्धि तथा परिचालन गर्ने ।<br>३. विद्यालयका गुनासाहरु शिक्षा संयोजक मार्फत गाउँकार्यपालिकामा पेश गर्न लगाउने । अनुगमन संयन्त्रको विकास गर्ने ।<br>४. दण्डरहित शिक्षाका लागि आवश्यक निर्देशन दिने । | | | |
| | | | | |

नीति ६ : शोषण र दुर्व्यवहारलाई अन्त्य गर्ने ।

६.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. दुर्व्यवहारको विरुद्ध सचेतना गर्ने । | १. (देशभित्र तथा देशबाहिर हुने) बालबालिकाको बेचबिखनविरूद्ध अभिभावक तथा बालबालिकालाई सञ्चारमाध्यम, स्थानीय समूह, बालक्लब, विद्यालयलगायत विभिन्न माध्यमबाट सचेतना गर्ने ।<br>२. मानव वेचविखनको बारेमा जनचेतना जगाउने (हेतुले सार्वजनिक स्थलमा सूचना प्रदान गर्ने होर्डिङ्ग बोर्ड राख्ने) ।<br>३. बालबालिकामाथि हुने यौनशोषण तथा दुर्व्यवहार र यसबाट बच्ने उपायबारे समुदायमा आधारित सङ्गसंस्था वा समूह, बालबालिका, अभिभावक, शिक्षक, खेलकुद तथा अतिरिक्त क्रियाकलापहरूका प्रशिक्षक आदिको सचेतना अभिवृद्धि गर्ने । | | | |
| २. बालबालिकामा आफूविरूद्ध हुने वा हुनसक्ने शोषण तथा दुर्व्यवहारविरूद्ध प्रतिकार गर्नसक्ने सीप तथा क्षमताको विकास गर्ने । | १. बालबालिकालाई दुर्व्यवहारको बारेमा शिक्षा दिने ।<br>२. दुर्व्यवाहार हुन लागेमा उक्त स्थान वा व्यक्तिबाट उम्कने सीप वा कला सिकाउने।<br>३. उक्त व्यक्तिका बारेमा आफू सचेत हुने , अरुलाई बताउने, आफूलाई खतरा नहुने गरी बालसंरक्षमा काम गर्ने व्यक्तिलाई बताउने ।<br>४. विद्यालयको गुनासो सुनवाईमा गोप्य रुपले उजुरी गर्ने ।<br>५. संभव भएसम्म प्रतिरक्षाकालागि मार्सल आर्टसमा तालिम दिने । | | | |

| | | | | |
|---|---|---|---|---|
| ३. शिक्षण संस्था, स्वास्थ्य सेवा प्रदायकलगायत बालबालिकासँग सम्पर्कमा आउने सेवा प्रदायकले यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्ने तथा उजुरी गर्ने क्षमता अभिवृद्धि तथा उजुरी प्रणाली स्थापना गर्ने । | १. आमाबाबु, शिक्षिका तथा बालबालिकासंग काम गर्ने व्यक्तिहरुलाई यौनशोषण तथा दुर्व्यवहारको लक्षण पहिचान गर्न सिकाउने ।<br>२. लक्षण भएका बालबालिकासँग कुराकानी गर्ने र दुर्व्यवहारको बारेमा यकीन गर्न लगाउने ।<br>३. दुर्व्यवाहार भएकोमा उजुरीको बन्दोबस्त गर्ने ।<br>४. दुर्व्यवहारमा परेका बालबालिकालाई मनोसामाजिक तथा मनोविमर्श सेवा उपलब्ध गराउने ।<br>५. पर्नसक्ने संभावना भएका बालबालिकालाई परामर्श सेवामा प्रेषण गर्ने । | | | |
| ४. उजुरी प्रक्रियालाई बालमैत्री बनाउन पहल गर्ने । | १. न्यायिक समिति, उजुरी संयन्त्र, गुनासो सुनवाई संयन्त्रलाई गोप्य राख्ने ।<br>२. गोप्य उजुरी लिने वा साथी मार्फत उजुरी लिन मिल्ने कुरालाई प्रचार प्रसार गर्ने ।<br>३. साथी मार्फत कुराकानी गर्ने पद्धती विकास गर्ने ।<br>४. बालबालिकाले गरेको उजुरीलाई सत्य मानी सूचना, तथ्य र प्रमाण संकलन प्रारम्भ गर्ने ।<br>५. पीडित बालबालिकाको सम्पर्कमा रही निजसँगको सरसल्लाह बमोजिम अनुसन्धान हुने प्रक्रिया अगाडि बढाउने ।<br>६. प्रहरी मार्फत उजुरी सुनवाई गर्दा पनि महिला प्रहरी मार्फत, एकजना अभिभावक वा शिक्षिका साथमा लगाएर मात्र गर्ने व्यवस्था मिलाउने । | | | |

नीति ७ : विपदको परिस्थितिमा बालबालिकाको संरक्षणलाई प्राथमिकता दिएर कार्य गर्ने ।

७.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. विपद् प्रभावित बालबालिकाको लागि उद्दार तत्काल खाना, बसोबास तथा लत्ताकपडाको व्यवस्था मिलाउने, | | | | |
| २. गाउँपालिकाकामा विपद व्यवस्थापनको कोषको स्थापना गर्ने, | | | | |
| ३. विपद व्यवस्थापनसम्बन्धी कार्ययोजना तथा कार्ययोजना तर्जुमा गरी पारित गर्ने र त्यसरी योजना तर्जुमा गर्दा त्यस परिस्थितिमा आउनसक्ने संरक्षणको जोखिम आँकलन गरी योजना, संयन्त्र तथा कार्ययोजना तय गर्ने, | | | | |
| ४. विपदको पूर्व तयारी तथा व्यवस्थापनको कार्ययोजना तथा कार्ययोजना तर्जुमा प्रक्रियामा बालबालिकासँग परामर्श गरी उनीहरूको प्रतिनिधित्व तथा सहभागिता सुनिश्चित गर्ने । | | | | |

नीति ८ : मनोविमर्श सेवाको व्यवस्था गर्ने ।

८.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. मनोविमर्श आवश्यकता भएका बालबालिकाका निमित्त मनोविमर्श सेवाको व्यवस्था गर्ने । | १. मनोविमर्श आवश्यकता भएका बालबालिकाको पहिचान गर्न आमाबाबु, साामाजिक संघसंस्था तथा विद्यलयसँग सहकार्य गर्ने।<br>२. मनोविमर्श सेवा दिने व्यक्ति वा सँस्थालाई तयार गर्ने ।<br>३. आफ्नो गाउँपालिका वाहिर सेवा उपलब्ध भए, समन्वय गर्ने, बालबालिकालाई प्रेषण गर्ने व्यवस्था गर्ने । | | | |
| २. आवश्यकता भएका बालबालिकालाई मनोविमर्श सेवा प्रदान गर्ने व्यवस्था मिलाउने । | ध'म्रपान, मद्यपान, लाग'औषध वा अन्य क'नै पनि प्रकारको द'र्व्यसनमा लागेका बालबालिकाका निमित्त गाउँपालिकातहमा मनोविमर्श सेवाको लागि अलग्गै डेस्कको स्थापना गर्ने,<br>२. द'र्व्यवहारबाट पीडित भएका बालबालिकालाई मनोविमर्श वा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने,<br>३. बालबालिकालाई परेका संवेगात्मक निर्णयहरू गर्नका निमित्त पनि मनोविमर्श सेवा उपलब्ध गराउने, | | | |
| ३. मनोविमर्श वा मनोसामाजिक परामर्श | १. प्रत्येक विद्यालयमा विद्यार्थीहरुका निमित्त मनोविमर्श सेवा प्रदान गर्न | | | |

गाउँपालिकाको कार्यालय ... प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| सेवाका लागि क्रमशः दक्ष्य जनशक्तिको व्यवस्था गर्ने । | सक्ने जनशक्ति तयार गर्न योजना बनाउने ।<br>२. क्रमशः विद्यालयमा कम्तीमा ५ जना हुने गरी स्वयंसेवक परिचालन गर्ने ।<br>३. स्वयंसेवकहरु सकेसम्म महिलाहरुको व्यवस्था गर्ने । ( पुरुषहरुबाट बालबालिका दुर्व्यवहार हुन सक्ने संभावनाका कारणले)<br>४. आवश्यकता बमोजिम विद्यालयमा मनोविमर्शकर्ताको स्थायी दरबन्दी तयार गर्ने ।<br>५. क्रमशः आर्थिक श्रोत छुट्याउने । संघसंस्थाको सहकार्यमा आर्थिक श्रोत परिचालन गर्ने । | | | |

नीति ९ : बालबालिकाको सहभागिता प्रवर्द्धन गर्ने
९.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| | | | | |

नीति १० : स्थानीय बालसंरक्षण प्रणालीलाई सुदृढ गर्ने ।
१०.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| | | | | |

नीति ११ : बालसंरक्षण मापदण्डको कार्यान्वयन गर्ने ।

११.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. गाउँपालिकाले आफ्ना लागि बालसंरक्षण मापदण्ड बनाई लागु गर्ने । | १. सवै पदाधिकारीको वैठक बोलाउने ।<br>२. अनुसूची २ बमोजिमको ढाँचामा बालसंरक्षण मापदण्ड निर्माण गर्ने।<br>३. ढाँचा बमोजिम निरन्तर अनुगमन गर्ने । | | | |
| २. गढी गाउँपालिकाले आफ्नो भौगोलिक क्षेत्र भित्रका बालबालिकासँग प्रत्यक्ष काम गर्ने सबै सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूलाई अनुसूची २ बमोजिमको बालसंरक्षण मापदण्ड बनाई लागु गर्न सहयोग गर्ने । | १. सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक संस्थाहरूको सूची बनाउने ।<br>२. सवै सँस्थाहरुलाई पालिकामा बोलाई मापदण्डको ढाँचा प्रस्तुत गर्ने,<br>३. गाउँपालिकाको आफ्नो बालसंरक्षण मापदण्ड पनि पेश गर्ने ।<br>४. सवै सँस्थाहरुलाई ढाँचा अनुसार आफ्ना लागि मापदण्ड बनाउने कार्ययोजना पेश गर्न लगाउने ।<br>५. कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्ने । | | | |
| ३. गाउँपालिकाको र आफ्नो भौगोलिक क्षेत्रभित्रका विद्यालय, सार्वजनिक निकाय तथा निजी क्षेत्र एवं सामाजिक | १. गाउँपालिका स्तरमा बालसंरक्षण मापदण्डको अनुगमन गर्न गाउँ वा वडा बाल अधिकार समितिलाई जिम्मेवार दिने । आवश्यकता बमोजिम उपसमिति गठन गर्ने ।<br>२. प्रत्येक विद्यालय र सामाजिक | | | |

| | | | | |
|---|---|---|---|---|
| संस्थाहरूको तहमा बालसंरक्षण मापदण्ड ( बालसंरक्षण आचारसंहितासहित) को कार्यान्वयनको नियमित अनुगमन गर्ने, गराउने । | सँस्थाहरुसँग सम्पर्क राखी बालसंरक्षण मापदण्डका सम्बन्धमा भए गरेका काम कारबाहीको जानकारी लिने ।<br>३. गाउँपालिका स्तरमा भएका कामहरुको आवधिक समीक्षा गर्ने । | | | |

नीति १२: बालबालिकालाई हुनसक्ने दुर्घटना तथा जोखिमको न्यूनीकरण गर्ने ।

१२.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| | | | | |
| १. बालबालिकालाई सुरक्षा प्रदान गर्ने वा दुर्घटनाबाट जोगाउनका निमित्त सावधानीका उपायहरू अवलम्बन गर्ने | १. बालबालिकाको जीवनलाई जोखिम हुने स्थान र वस्तु ( जस्तै, पोखरी, नहर, विजुलीको तार, सडक) को पहिचान गर्ने ।<br>२. जोखिम न्यूनिकरणका उपायहरु (जस्तै, बार लगाउने, टाफिक सिग्नलहरू राख्ने, आमाबाबुलाई जानकारी दिने) पत्ता लगाउने ।<br>३. जोखिम न्यूनिकरणका कामहरु कार्यान्वयन गर्ने ।<br>४. नियमित अनुगमन गर्ने । | | | |
| २. निर्माण व्यवसायीहरुलाई दुर्घटनाबाट जोगाउने उपाहरुको बारेमा सचेत | १. आफ्ना क्षेत्रका यातायात, निर्माण तथा उद्योग व्यवसायीको पहिचान गर्ने ।<br>२. उनीहरुबाट हुने जोखिम नगराउने उपायहरुका बारे सामूहिक कार्य वा छलफलबाट | | | |

| | | | | |
|---|---|---|---|---|
| गर्ने । | पत्ता लगाउने ।<br>३. उक्त कार्यहरु उनीहरुसँगको सेवा करारमा राख्ने ।<br>४. नियमित अनुगमन गर्ने । | | | |

नीति १३ बालबालिकालाई अनलाईन सेवाको दुष्प्रभावबाट जोगाउने

१३.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. विद्यालय तथा शिक्षण सँस्थासँगको सहकार्यमा विद्यालय भित्र मोबाईल फोनको प्रयोगलाई नियमन गर्ने, शैक्षिक प्रयोजन बाहेक अन्य अवस्थामा मोबाइल फोनको प्रयोग निषेध गर्ने । | १. विद्यालयलाई जानकारी दिन प्रधानध्यापक भेला बोलाउने ।<br>२. प्रध्यानध्यापक मार्फत प्रत्येक विद्यालयमा शिक्षकसँग छलफल चलाउने ।<br>३. शिक्षक, बालक्लब तथा स्थानीय सहयोगी सँस्था मार्फत बालबालिकासँग चेतना अभिवृद्धि कार्यक्रम गर्ने ।<br>४. अभिभावकलाई विद्यार्थीलाई फोन दिएर नपठाउन विद्यालय मार्फत पत्राचार गर्ने । | वडा पदाधिकारीहरु, प्रधानध्यापक, शिक्षक | | |
| २. अत्याधिक इन्टरनेट, अनलाईन सेवा वा फोनको प्रयोगको दुष्प्रभावका बारेमा सचेतना दिने, समस्यामा परेकालाई परामर्श | १. विद्यालय तथा सामाजिक सँस्था मार्फत प्रचार प्रसार गर्ने।<br>२. आफ्ना बालबालिकालाई आफ्नो फोटो, आफ्ना साथी भाईको फोटो, आफ्ना नग्न वा अर्द्धनग्न फोटा फेसवुक लगायतका सोसल मिडिया र च्याट रुमहरुमा नराख्न अभिभावकलाई बताउने । | | | |

| | | | | |
|---|---|---|---|---|
| सेवा उपलब्ध गराउने । | ३. आफ्ना बालबालिकाका गतिविधिमा चनाखो हुन सचेत गर्ने ।<br>४. अनलाईनमा लत भएका बालबालिकाका निमित्त परामर्श सेवा उपलब्ध गराउन मनोविज्ञानमा काम गर्ने सँस्थाहरुलाई प्रोत्साहन गर्ने ।<br>५. बाबुआमालाई बालबालिकामा अत्याधिक फोनको प्रयोगले पार्ने प्रभाव, अश्लिल सामग्री, हिंसापूर्ण खेलहरूमा सहभागी हुँदा हुने प्रभावका बारेमा सचेतना गर्ने । | | | |
| | | | | |
| ४. इन्टरनेटको प्रयोगलाई कम गर्ने सम्बन्धमा भएका राम्रा कार्यहका बारेमा बताउने । | १. बालबालिकासँगको सहकार्यमा हेर्ने समय, गर्न हुने काम, गर्न नहुने कामका बारेमा (दिनको १ घण्टाभन्दा हेर्न नपाइने, इन्टरनेट हेर्दा बन्द कोठामा लुकेर हेर्न नपाइने, बालबालिकाको अगाडि आफूपनि धेरै अनलाईनमा नबस्ने)आचार संहिता निर्माण गर्ने र लागु गर्ने ।<br>२. बालबालिकाको खाली समयमा उनीहरुलाई शारीरिक खेलको व्यवस्था गर्ने । | | | |
| ४. बालक तथा बालिकालाई शारीरिक खेल खेलाउन प्रोत्साहन गर्ने । | १. खेल मैदानको व्यवस्था गर्ने।<br>२. विद्यालय र समुदायमा विभिन्न खेलको आयोजना गर्ने।<br>३. आर्टस (चित्रकला, नृत्यकला, मार्सल आर्टस आदि) को पनि प्रबन्ध गर्ने | | | |

नीति १४: बालबालिका प्रतिको भेदभावलाई अन्त्य गर्ने ।

१४.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि ( कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. बालबालिकालाई विद्यालय पठाऔं, शिक्षाबाट बञ्चित नगराऔं (बेटी वचाउ, बेटी पढाउ) भन्ने अभियान सञ्चालन गर्ने । | १. छोरीलाई विद्यालय नपठाउने परिवार पत्ता लगाउने ।<br>२. परिवारसँग भेटघाट गर्ने, सम्झाई बुझाई गर्ने ।<br>३. अति गरिब बालबालिका र तिनका आमाबाबुलाई छात्रवृत्ति तथा आर्थिक सहयोगको व्यवस्था गर्ने । | वडा सदस्यहरु | प्रत्येक वर्ष चैत र वैशाखमा | |
| २. अपाङ्गता भएका बालबालिकालाई विद्यालय पठाउन वा ल्याउनकालागि बालबालिका, परिवार तथा विद्यालयमा वातावरण बनाउने । | १. अपांगता भएका बालबालिकाको पहिचान गर्ने ।<br>२. विद्यालय सम्म आउनका निमित्त अपांगमैत्री बाटो निर्माण, वेञ्च डेस्क, ढोका, ट्वाईलेट, धारा आदि तयारी गर्ने, गराउने ।<br>३. छात्रवृत्ति तथा आर्थिक सहयोगको व्यवस्था मिलाउने ।<br>४. बालिका तथा अपाङ्गता भएका व्यक्तिका अभिभावकलाई भेदभावरहित वा समान अवसरका लागि सचेतना तथा उत्प्रेरणा कार्यक्रम सञ्चालन गर्ने । | | | |
| ३. विद्यालय वा समाजमा सबै आधारमा हुने भेदभाव (जस्तै, जातिय )लाई | १. विद्यालयमा शिक्षकहरुका विचमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने वा गराउने ।<br>२. बालक्लब मार्फत चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने गराउने । | | | |

नगरपालिका कार्यालय मनसरा प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| अन्त्य गर्नका निमित्त चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | ३. गुनासो पेटिकामा जातिय भेदभाव आए नआएको शिक्षा अधिकृत वा संयोजक मार्फत यकिन गर्ने र उजुरी आएका विद्यालयहरुमा कार्यक्रम सञ्चालन गर्ने ।<br>४. निरन्तर भेदभाव हुने विद्यालयमा सचेत गर्ने व्यवस्था गर्ने । | | | |
| | | | | |

नीति १५ सूर्तिजन्य पदार्थ, मद्यपान ता लागूपदार्थका को प्रयोगलाई निषेधित गर्ने

१५.२ कार्ययोजना

| रणनीति | मुख्य क्रियाकलापहरु | कसले गर्ने | समयावधि (कहिलेसम्म गर्ने) | श्रोत |
|---|---|---|---|---|
| १. वयस्कहरूलाई नै सार्वजनिक स्थलमा सूर्तिजन्य पदार्थ, मद्यपान नगर्ने कार्यका लागि प्रचारप्रसार गर्ने, | १. स्थानीय रेडियोबाट प्रचारप्रसार<br>२. प्रहरीद्वारा प्रचारप्रसार<br>३. शिक्षक तथा स्वास्थ्यकर्मीद्वारा प्रचारप्रसार<br>४. गाउँपालिकाका पदधिकारीबाट प्रचारप्रसार | गाउँपालिका, वडा अध्यक्ष तथा सदस्यहरु | १ वर्ष | चाहिँदैन |
| २. सूर्तिजन्य पदार्थसम्बन्धी ऐन, २०६८ बमोजिम बालबालिकालाई किन्न वा वेच्न नपाउने कुरा प्रत्येक पसलमा लेख्न लगाउने । | १. सूर्ति वेचविखन गर्ने प्रत्येक स्थलको पहिचान गर्ने ।<br>२. प्रचार प्रसारको सामग्री तयार गर्ने<br>३. प्रत्येक पसललाई आफ्नो खर्चमा टाँस्न लगाउने । | गाउँपालिका, वडा अध्यक्ष तथा सदस्यहरु | १ वर्ष | चाहिँदैन |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| ३. विद्यालय तथा स्वास्थ्य संस्था वरपर सूर्तिजन्य पदार्थ, मद्यपानका सामग्री बेच्न नपाउने व्यवस्था गर्ने । | १. वेच्न नपाइने कुरा स्थानीय भाषामा लेखेर भित्ते लेखन वा होर्डिङ बोर्डमा टाँस्ने ।<br>२. विद्यालय वरपरका वेचविखन गर्ने स्थानको पहिचान गर्ने र हटाउने ।<br>३. अम्मली शिक्षकहरुको निमित्त गोप्य स्थनमा धूमपान गर्ने व्यवस्था मिलाउने । | | | |
| ४. सूर्तिजन्य पदार्थसम्बन्धी ऐन, २०६८ तथा अनुगमन गर्ने निकायलाई सक्रिय पार्ने र त्यसलाई बजार अनुगमन प्रणालीसँग जोड्ने । | | | | |
| ५. उद्योग वाणिज्य संघ लगायतका संघसँग समन्वय गर्ने । | | | | |
| ६. सूर्तिजन्य पदार्थ वा मद्यपानमा बालबालिकालाई प्रयोग गर्ने विरूद्ध उजुरी लिने र असल अभ्यास गर्नेलाई पुरस्कारको व्यवस्था गर्ने । | | | | |

**प्रमाणित गर्ने**

दस्तखत :

नाम थर : मनु कुमार लिम्बु (सुब्बा)

दर्जा : नि.प्रमुख प्रशासकीय अधिकृत

पृष्ठ संख्या : १६

मिति :

कार्यालयको छाप :